"जनमुखि स्थानिय सरकार विकास र समृद्धिको आधार"

# बौधीमाई नगरपालिका

## छैठौं नगर सभा

आ. व. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम एवं बजेट बक्तव्य

२०७९ असार १० गते, शुक्रवार

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट

Scanned with CamScanner

## बौधीमाई नगरपालिका आ.ब.२०७९/०८० को नीति, बजेट तथा कार्यक्रम

**नगर सभा अध्यक्ष ज्यू,**
**प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथि**
**नगर सभा सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु तथा उपस्थित सबै सज्जनवृन्द ।**

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको बौधीमाई नगरपालिकाको दोश्रो कार्यकालको प्रथम ऐतिहासिक छैठौं नगर सभामा सहभागि सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ती, सुशासन, विकास, समृद्धिको अकांक्षा पुरा गर्न दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानूनको अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट पहिलो पटक यस सार्वभौम नगर सभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह र मेरो आफ्नो व्यक्तिगत सोच र सम्झदारीका आधारमा आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरी रहेको छु । साविक ५ वटै गा.वि.स.हरु अजगैवी, सरमुजवा, पिपरिया (प.), इनरवारी ज्यूताही र इनर्वा मिलेर बनेको बौधीमाई नगरपालिकाको वडा नं.१ देखी ९ सम्म तीब्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन तथा यहाँ सबै नागरिकको सुखी, जीवन यापनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पीने सबै नगरबासी दाजु भाई, दिदी बहिनीहरु र समस्त शभेच्छुक र सरोकार पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस नगरपालिकाको सोच, समुन्नत भौतिक पूर्वाधार, समाजिक विकास सहित सांस्कृतिक रुपमा उत्कृष्ट नगरपालिका बनाउने ।

<u>उद्देश्य</u> :- आन्तरीक आय पहिचान तथा आन्तरीक आय वृद्धि गर्दै न्यायोजित वितरण सहित, आर्थिक, सामाजिक विकास तथा भौतिक पूर्वाधार लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउन ।

आर्थिक वर्ष २०७९/०८० मा बौधीमाई नगरपालिकाले अवलम्वन गर्ने वियषगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

Scanned with CamScanner

- **आर्थिक विकास तर्फ :-**
  - ❖ कृषि तथा पशु सेवा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरी संचालन गरिनेछ ।
  - ❖ सिचाईको लागि विद्युत पोल जडान गरी चौर चौरमा स्टेटबोरिङ्ग जडान गरी सिचाई सुविधा पहुँच बढाइनेछ ।
  - ❖ कृषिमा यान्त्रिकीकरण, आधुनिक औजार तथा उपकरणमा अनुदानको व्यवस्था गर्ने ।
  - ❖ नगर स्तरीय कृषि सेवा तथा पशु स्वास्थ्य केन्द्रलाई स्तर उन्नति गर्ने ।
  - ❖ कृषक समूहद्वारा कृषि कार्यक्रम संचालन गराउने ।
  - ❖ बढी मूल्य पाउने बेमौसमी तरकारी, फलफुल तथा पशुजन्य उत्पादनमा जोड दिने ।
  - ❖ उत्कृष्ट कृषक सम्मानको व्यवस्था गर्ने ।
  - ❖ प्रत्येक वर्ष १०० जना यूवाहरुलाई लघु उद्यमविकास कार्यक्रम अन्तर्गत उद्यमशिलता र विषयगत सिपमुलक तालिमको व्यवस्था मिलाइनेछ ।
  - ❖ लक्षित वर्ग जेष्ठ नागरिक, अपाङ्ग, तेश्रो लिङ्गी, दलित बालबालिका र महिलाहरुका लागि आय आर्जनको कार्यक्रम संचालन गरिनेछ ।
- **सामाजिक विकास तर्फ :-**
  - ❖ विषयगत शिक्षकको व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गरिने तर्फ आवश्यक कडाईको साथ पहल गरिनेछ ।
  - ❖ विद्यालयहरुलाई सुविधा सम्पन्न भौतिक पूर्वाधार लगायत व्यवस्थापन गरिनेछ ।
  - ❖ एमबुलेन्स सेवालाई व्यवस्थित तरिकाले संचालन गरिनेछ ।
  - ❖ १५ सैयाको अस्पताल समयमै निर्माण कार्य सम्पन्न गरी मेडिकल अफिसर/विज्ञ सहितको चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।
  - ❖ नगरवासीहरुलाई स्वास्थ्य सेवा ऐन २०७५ अनुसार अधारभूत स्वास्थ्य सेवा र अकास्मीक स्वास्थ्य सेवाको प्रत्याभूती गराइनेछ ।
  - ❖ हाल रहेको ३ वटा बर्थिङ्ग सेन्टर (प्रसुती गृह) लाई व्यवस्थित गर्दै आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर थप गरिदै जाने छ ।

Scanned with CamScanner

- ❖ नगर स्वास्थ्य ऐन, नीति, रणनीति, विपद् सम्बन्धी ऐन, सरसफाई सम्बन्धी मापदण्ड, स्वस्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति, पालिका स्तरीय गुणस्तरीय, द्रुतप्रतिकार (RRT) टोली बनाई क्रियाकलाप अगाडी बढाइनेछ ।
- ❖ स्वास्थ्यमा सुझाव/उजुरी पेटिका, खोप क्लिनिक, गाउ घर क्लिनिक र स्वास्थ्य संस्था भवन निर्माणको प्रकिया अगाडी बढाइनेछ ।
- ❖ स्वास्थ्यमा आमा समूह, महिला स्वास्थ्य स्यंमसेविकाको सेवालाई निरन्तरता दिदै वृत्ति विकास तथा सेवा सुविधा थप गरिनेछ ।
- ❖ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि सामाजिक परिक्षण, न्यूनतम सेवा मापदण्ड, स्वास्थ्य विमा कार्यक्रम लागू गरिनेछ ।
- ❖ मातृ मृत्यू तथा नवशिशु मृत्यूलाई न्यून बनाउन कम्तीमा २४ घण्टा सम्म सुत्केरीहरुलाई प्रसुती गृहमै बस्ने आवश्यक व्यवस्था मिलाइनेछ ।
- ❖ इनरवारी स्वास्थ्य चौकीको प्रयोगशाला (ल्याब) लाई निरन्तरता दिदै सि पिपरिया स्वास्थ्य चौकीमा ल्याब थप गर्ने, सुरक्षित गर्भपतन सेवा सुचारुको लागि पहल गर्ने र खोप (भ्याकशिन) को तापक्रम व्यवस्थापनको लागि LR Refrigator व्यवस्थापन गरिनेछ ।
- ❖ प्रत्येक गर्भवतीलाई निःशूल्क भिडिओ एक्स रे गराउन मशिन खरिद देखि तालिमको उपर्यूक्त व्यवस्था गरिनेछ ।
- ❖ गर्भवतीलाई पोषण सुधारको लागि प्रत्येक पटक (८) को भिजिटमा १५ ओटा अण्डा दिइने आवश्यक व्यवस्था मिलाइनेछ ।
- ❖ स्वास्थ्यकर्मीको वृती विकास, तालिम, मूल्याङ्कन र उत्प्रेरणात्मक कार्य गरिनेछ ।
- ❖ स्वास्थ्यमा Electronic माध्यमबाट Recording Reporting को व्यवस्था मिलाइनेछ ।
- ❖ सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ ।
- ❖ बौधीमाई नगरपालिका भित्रका सेवाग्राहीहरुले स्थानीय प्रसुती सेवा केन्द्रहरुबाट लिने प्रसुती सेवाको लागि नगरपालिकाबाट निःशुल्क एमबुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- ❖ कैन्सर तथा हृदयघात जस्ता १० ओटा रोगहरुको उपचारका लागि उचित आर्थिक सहयोग तथा नियमाकारी निकायमा सिफारिस गरिनेछ ।

Scanned with CamScanner

❖ मेयर संग जेष्ठ नागरिकको स्वास्थ्य कार्यक्रम/उप-मेयर संग गर्भवती महिलाको सुरक्षित मातृत्व क्रियाकलाप गरिनेछ ।

❖ विपन्न गरिब, असहायहरुलाई आर्थिक उन्नतीका लागि राहत पैकेज सहितको सिपमुलक तालिम दिई प्रविधि समेत हस्तान्तरण गरिनेछ ।

❖ शिक्षकलाई क्षमता अभिवृद्धि तथा मैत्री बनाईनेछ ।

❖ सबै किसिमका श्रमलाई उच्च सम्मान तथा श्रमिकलाई उचित पारिश्रमिक व्यवस्थापन हुनेछ ।

❖ जतिय छुवाछुत अन्त्य गरि मानविय मर्यादा कायम गरिनेछ ।

❖ प्रत्येक बालबालिकाहरुलाई विद्यालय सम्म आधारभूत शिक्षाको प्रत्याभूती गराइनेछ ।

❖ अनुमति नलिएका बोर्डिङ्ग तथा विद्यालयलाई दर्ता प्रक्रियामा ल्याइनेछ ।

❖ बौधीमाई न.पा. अन्तर्गत रहेका सेवा प्रदाय संस्थाहरुमा विद्युतीय हाजरीको माध्यमद्वारा निगरानी गरिनेछ ।

❖ भवन अचार सहिंता अनुरुप नगर वासीहरुले भवन निर्माण गरेमा न.पाले लिदै आएको घर नक्सा दस्तुर ०.१ प्रतिशत छुट दिइनेछ ।

❖ चौमासिक रुपले तलब प्राप्त गर्ने प्रत्येक विद्यालयमा शिक्षकहरुलाई अन्य कर्मचारीहरु सरह मासिक रुपमा तलब प्राप्त गर्ने गरी व्यवस्था मिलाइने छ ।

❖ नगरपालिकाको शैक्षिक अवस्थामा बढोत्तरी गर्न प्रत्येक वर्ष नगर प्रमुख शैक्षिक प्रतियोगितात्मक कार्यक्रम संचालन गरिनेछ ।

❖ प्रत्येक सामुदायिक विद्यालयलाई पूर्वाधार मैत्री बनाउनको लागि आवश्यकता अनुसार जग्गा खरिद तथा भौतिक संरचना निर्माण कार्य लाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।

❖ माध्यमिक र उपल्लो आधार भूत विद्यलायहरुलाई प्रविधिमैत्री बनाउने (कम्प्युटर इन्टरनेट जडान) कार्य गरिदै लागिनेछ ।

❖ माध्यमिक विद्यालयहरुबाट शुरुवात गर्दै Electronic General पुस्तकालयको व्यवस्थापन गरिनेछ तथा यसलाई क्रमशः आधारभूत विद्यालयमा समेत यस कार्यलाई निरन्तरता दिदै लगिनेछ ।

Scanned with CamScanner

- ❖ विद्यालय परिसर भित्र अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च, डेस्क, पंखा र खेलकूद सामग्री आदि उपलब्ध गराइदै लगिनेछ ।
- ❖ तहगत विषयगत शिक्षकहरु बिच अर्न्तकृया गराई अनुभवको सटा साट गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नतिजाको आधारमा विद्यलायहरु बिच प्रतिस्पर्धा गराई कार्यसम्पदानमा उत्कृष्ट विद्यालय र शिक्षकहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुटै आचार संहिता तयार गरि लागु गरिनेछ ।
- ❖ विद्यालय स्तरीय, समुदाय स्तरीय तथा नगर स्तरीय खेलाडी तयार गरि खेलकूद प्रतियोगिताहरु संचलान गरिनेछ ।
- ❖ हाल सम्म संचालित मा.वि.तथा अधारभूत विद्यालयहरुमा तहगत आवश्यक जनशक्तिको पर्याप्तता नरहेको कारण शिक्षण क्रियाकलापमा भई रहेको कठिनाईलाई न्यूनीकरण गर्न नगर स्तरीय शिक्षा ऐन तर्जुमा गरि थप तहगत जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- ❖ महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागू गर्दै लगिनेछ ।
- ❖ अपाङ्गता भएको व्यक्तिहरुलाई क्षमता अभिवृद्धि जस्ता कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- ❖ आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अलपसंख्यक, सिमान्तकृत समुदायको यस नगरपालिकाको अभिलेख अनुसार सामाजिक र आर्थिक उत्थान सम्बन्धि कार्यलाई अघि बढाउन आयमुलक र जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ ।
- ❖ सुखी परिवार र समृद्ध परिवारको लक्ष्यलाई परिपूर्ती गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नगर प्रमुख संग जनता संबाद महिनाको एक पटक गरिने व्यवस्था मिलाइनेछ ।

Scanned with CamScanner

- **भौतिक पूर्वाधार विकास तर्फ :-**
  - ❖ बंकुल बजार व्यवस्थापनका लागि गुरु योजना तयार गरि शहरी बजारमा रुपान्तरण गरिनेछ ।
  - ❖ यही आर्थिक वर्षमा गुजरामाईको चौरमा गुरु योजनाको तहद सुविधाजनक खेलकूद मैदान निर्माणका लीगि DPR गराई नियमनकारी निकाय संग आवश्यक बजेटको माँग गर्न दृढ संकल्प साथ पहल गरिनेछ ।
  - ❖ नगर भरी आवश्यकता तथा पहिचानको आधारमा नाला ढल सहितको पि.सि.सि, आर.सि.सि. ढलान तथा सडक कालोपत्रे गरी सडक संजाल जोडिनेछ ।
  - ❖ नगर भरीमा रहेका मन्दिर, मस्जिद लगायत धार्मिक स्थलहरुको निर्माण, जिर्णोधार रहेका प्राकृतिक सम्पदाहरुको संरक्षण गरिनेछ ।
  - ❖ प्रत्येक वडामा सामुदायिक भवन निर्माण गरिनेछ ।
  - ❖ भौतिक पूर्वाधार निर्माणको गुरु योजनाले तोकेको प्राथमिकताका आधारमा स्थानीय नागरिकहरुको माँगलाई मध्यनजर राखी निर्माण कार्य अघि बढाइनेछ ।
  - ❖ नगरभित्रका सबै घरमा विद्युत पुर्याइनेछ ।
  - ❖ जनता आवास कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
  - ❖ नगरभित्रका सम्पूर्ण घरमा स्वच्छ खानेपानी र सरसफाईको सेवा पुर्याइ पुरानो खानेपानी टयांकीको मर्मत सम्भार गर्ने र डिप कल जडान गर्ने ।
- **वातारवरण तथा विपद् व्यवस्थापन तर्फ :-**
  - ❖ वडा भरीका सडकमा रहेका फोहोर संकलनका लागि नगरपालिकाले व्यवस्था मिलाउने छ ।
  - ❖ आगलगी नियन्त्रणको लागि बारुन यन्त्र (दमकल) व्यस्थापन गरिनेछ ।
  - ❖ यस नगरपालिका अन्तर्गत बाढीबाट प्रभावित वडाहरुको हकमा पानी निकास तथा तटबन्धहरु निर्माण गरी समुचित व्यवस्थापन गरिनेछ ।
  - ❖ नगर भरीको सडक किनारामा हेरालु सहितको वृक्षारोपण कार्यलाई अघि बढाइनेछ ।

Scanned with CamScanner

- **संस्थागत विकास तथा सेवा प्रवाह तर्फ :-**
  - ❖ बौधीमाई नगरपालिका अन्तर्गत रहेका पसलमा बिक्री गरिने दैनिक उपभोग, खाद्यन्न बस्तु, औषधी जस्ता समाग्रीहरुको म्याद सकिएका बिक्री वितरण गरेको पाइएमा नियमानुसार कानून बमोजिम कारवाही हुनेछ ।
  - ❖ सुविधा सम्पन्न नगरपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण तथा सो कार्यालय लाई सूचना प्रविधि मैत्री बनाई सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइनेछ ।
  - ❖ नगरपालिकाबाट तयार गरिने योजना निर्माण सार्वजनिक खरिद प्रक्रिया, प्रवाह गरिने सेवा लगायतका हरेक गतिविधिमा आम नागरिकहरुको पहुँच हुने गरी पारदर्शी गर्ने ।
  - ❖ प्रत्येक वर्ष नगरपालिका भित्र संचालन भएका योजनाहरुको सार्वजनिक सुनवाई गर्ने गराउने ।
  - ❖ नगरपालिकाले वर्षको २ पटक वडा स्तरमा नागरिक संग अन्तक्रिया कार्यक्रम गर्ने र प्राप्त गुनासोहरुको तत्काल समाधान र सुझावहरुको कार्यान्वयन गर्ने ।
  - ❖ नगरपलिका कार्यालय अन्तर्गत कुनै पनि निकायमा भ्रष्टचार, अनियमिता, ढिलासुस्ती हुन नदिन सम्बन्धीत निकायलाई परिचालन गर्नुका साथै विशेष सन्यन्त्र तयार गरि प्रभावकारी कदम चाल्ने ।
  - ❖ अखाद्यय वस्तुको विक्रिवितरण तथा कालाबजारी नियन्त्रण गर्ने ।

Scanned with CamScanner

# बजेट वक्तव्य

बौधीमाई नगरपालिकाको सम्मानित गरिमामय आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको प्रस्तुतीकरण कार्यक्रमको छैठौं नगर सभाका सभाध्यक्ष महोदय प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि तथा सभा सदस्यज्यूहरु, कर्मचारीहरु, सुरक्षकर्मी, संचारकर्मी एवं पत्रकार ज्यूहरु लगायत अन्य महानुभावहरु यस नगर सभाको कार्यक्रममा उपस्थित भई दिनु भएकोमा सर्वप्रथम म हार्दिक अभार प्रकट गर्दछु ।

बौधीमाई नगरपालिकाको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु । अवधारणा अनुसार आर्थिक, सामाजिक विकासका लागि राजश्व परामर्श समितिबाट सम्भाव्यता अध्ययन गरी आवश्यक राजश्व अनुमान आन्तरिक आय र अन्य निकायबाट प्राप्त हुने आय बौधीमाई नगरपालिका श्रोत परिचालन गर्न संघीय सरकार, प्रदेश सरकार बाट प्राप्त आयलाई मध्यनजर गर्दै तयार गरिएको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

बहुजातिय, बहुभाषिय, बहुधार्मिक तथा भौगोलिक विविधायुक्त विशेषतालाई आत्मसाथ गरि विविधता विचको एकता सामाजिक, सांस्कृतिक एक्यबद्धता सद्भावलाई संरक्षण एवं प्रर्बधन गर्दै वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैंगिक, विभेद सबै प्रकारका जातिय छुवाछुत अन्त्य गरी आर्थिक समानता सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिधान्तको आधारमा समतामुलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संग समन्वय सहकार्य र सह-अस्तीत्वको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको स्वाधिनता समृद्ध आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो लक्ष्य रहेको छ ।

**आदरणिय महानुभावहरु**

आज हामी यस सम्मानित गरिमामय सभामा बौधीमाई नगरपालिकाको आउँदो दिनका भविष्य निर्माणको निमित्त यहा उपस्थित भएका छौं ।

नेपालको संविधान २०७२ को कार्यान्वयन सगै गठन भएको यस नगरपालिकाको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुतीकरण संविधानमा व्यवस्था भए अनुसार प्रत्येक आर्थिक वर्षको असार १० गते प्रारम्भ भई असार मसान्त भित्रमा नीति, बजेट तथा कार्यक्रम पारित गरि सक्नु पर्ने व्यवस्था छ ।

जनताको अकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाईहरु भएता पनि अब बजेट पारित गरी समयमा नै जनभावना अनुसार कार्य गर्न हामी सबै क्रियासिल हुनु पर्ने अवस्था छ । आर्थिक वर्ष २०७९/०८० को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाका विविध पक्षहरुलाई समेटने अपेक्षा लिईएको छ ।

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७९/०८० को लागि निम्नानुसारको आय र व्ययको अनुमानित वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

Scanned with CamScanner

आ.व.२०७९/०८० मा यस नगरपालिकाको लागि संघीय,प्रदेश सरकार र अन्य दातृ निकाय तथा आन्तरीक आय व्ययको अनुमान देहाय बमोजिम रहेको छ ।

आय तर्फ :

| क.सं. | बजेट शीर्षक | बजेट रकम |
|---|---|---|
| १ | संघ राजश्व बाँडफाँड वित्तिय सामानिकरण | ९ करोड २ लाख २७ हजार |
| २ | संघ समानिकरण अनुदान | ११ करोड ९६ लाख |
| ३ | संघ सर्शत अनुदान (चालु) | १२ करोड १४ लाख |
| ४ | संघ सर्शत अनुदान (पुंजीगत) | २ करोड ११ लाख |
| ५ | प्रदेश राजश्व बाँडफाँड | ४६ लाख ७७ हजार |
| ६ | प्रदेश समानिकरण अनुदान | ८४ लाख ८५ हजार |
| ७ | प्रदेश विषेश अनुदान (पुंजीगत) | ३० लाख |
| ८ | प्रदेश समपुरक अनुदान (पुंजीगत) | २० लाख |
| ९ | सडक बोर्ड नेपाल | ३० लाख |
| १० | आन्तरीक आय (घर जग्गा रजिष्ट्रेशन शूल्क तथा अन्य आय समेत) | २ करोड ५० लाख |
| | जम्मा :- | **३९ करोड ८४ लाख ८९ उन्नसय हजार** |

व्यय तर्फ :-

श्रोत अनुमान तथा सिमा निधारण समितिले निर्धारण गरेको क्षेत्र अनुसार उपरोक्त नीति, बजेट तथा कार्यक्रममा समावेश भएका क्षेत्रहरुलाई लक्षित गरि बन्द सत्रबाट पारित हुने गरी देहाय बमोजिमका क्षेत्रहरुमा बजेट विनियोजन गरिनेछ ।

तपसिल

- आर्थिक विकास कुल पुंजीगत बजेटको ४ प्रतिशत ।
- सामाजिक विकास कुल पुंजीगत बजेटको १४ प्रतिशत ।
- पूर्वाधार विकास कुल पुंजीगत बजेटको ७५ प्रतिशत ।
- वातावरण तथा विपद् व्यवस्थापन कुल पुंजीगतको २ प्रतिशत ।
- संस्थागत विकास तथा सेवा प्रवाह कुल पुंजीगत बजेटको ५ प्रतिशत ।

अन्तयमा :

बजेट तर्जुमा क्रममा अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । बौध्रीमाई नगरपालिकाको समृद्धिका लागि कार्यक्रम तयार गर्न राजनीतिक दल, शिर्षनेता, जनप्रतिनिधि, अग्रज, अर्थविज्ञ, सरकारी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, संचारकर्मी लगायतका सहयोगी हातहरुलाई धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबै पक्षको सहयोगको लागि विश्वास लिएको छु ।

Scanned with CamScanner